# अध्याय एक

# शोधपरिचय

## *पृष्ठभूमि*

'दुई मितको कथा' कथाको सङ्कथन विश्लेषण गर्नु यस शोधको मुख्य विषय हो । यस कथामा लाटोकोसेरो र कर्ण कान्लातलाई मुख्य पात्रको रूपमा उभ्याइएको छ । 'दुई मितको कथा' प्रस्तुत लोक कथा कक्षा ९ को नेपाली पाठ्यपुस्तकबाट साभार गरिएको हो । यस कथाका रचयीता यस पाठ्यपुस्तकका लेखक सम्पादक स्वयम नै हुन् । बाँच्ने आशा मरिसकेको कर्णकान्तलाई हिम्मत जुटाउने साहसको सन्देश यो कथाबाट मिल्छ । जन्म र मृत्यु प्रकृतिको नियम हो । प्राण वा ज्यान भएका सबैले बाचुन्जेल दुःख र सुखको अनुभव गरिरहन्छन् । आपत् विपतको सामना हरेकले गर्नैपर्छ भन्ने सन्देश यस कथाबाट लिन सकिन्छ ।

सङ्कथन विश्लेषणको क्षेत्रमा केहि अध्ययन अनुसन्धानहरू भएको पाइन्छ । यस अध्ययनले सङ्कथन विश्लेषणका क्षेत्रमा सहयोग पुग्ने विश्वास गरिएको छ । यसरी हेर्दा उल्लेखित शीर्षक एवम् विषयमा अध्ययन कार्य सम्पन्न भएपनि सुधा त्रिपाठी र अन्यद्वारा सम्पादन गरिएको 'दुई मितको कथा' कथाको सङ्कथन विश्लेषण कोही कसैबाट पनि हालसम्म नभएकाले यो शोध अनुसन्धन विषय रहेको छ ।

प्रायोगिक भाषाविज्ञान प्रयोग पक्ष विषयसँग सम्बन्धित अध्ययन भएकाले सङ्कथन विश्लेषण पनि यसको महत्त्वपूर्णविषयसँग सम्बन्धित अध्ययन हो । यो प्रायोगिक भाषाविज्ञानको विविध शाखाहरू मध्येको अपेक्षाकृत नवीन शाखा भएकाले यसमा भाषा प्रयोगका क्षेत्रमा देखिने अनियमितता वा नियमितताहरूको पहिचान र वर्णन गरिन्छ । त्यसैले सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ हो र व्याकरणभन्दा माथिको कुरा हो ।

'सङ्कथन' शब्दको पहिलो प्रयोग गर्ने व्यक्ति पाश्चात्य भाषाविद् जेलिङ् एस. हयारिस हुन् । सन् १९५२ मा एउटा लेख लेखेर विस्तारित पाठहरूमा भाषातत्वहरूको एकीकृत विवरणसम्बन्धि चर्चा गर्ने क्रममा 'सङ्कथन'शब्दको प्रयोग गरेका थिए (पौडेल, २०६९:१७) । कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिका सम्पूर्ण भाषिक एकाइहरू सङ्कथनमानिन्छन् र तिनै सङ्कथनात्मक एकाइहरूको नियम र सीमाहरूको खोजी गर्ने,अध्ययन अनुसन्धान गर्ने विषयलाई नै सङ्कथनविश्लेषण भनिन्छ । यसको आफ्नै

किसिमको व्याकरण हुन्छ ( पौडेल,२०६९:१५) ।

सङ्कथनर सङ्कथनविश्लेषणका सम्बन्धमा केही विद्वानहरूले दिएका महत्त्वपूर्ण भनाइलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

- नोम्स चम्स्की (सन् १९८०) का अनुसार सङ्कथनसामर्थ्य भनेको भाषिक सामर्थ्यको एउटा अंश हो (पौडेल, २०६९:१७) ।
- जेलिङ् एस. ह्यारिसले सङ्कथनभन्ने शब्दलाई वाक्यहरूको संयोजनका अर्थमा प्रयोग गरेका छन्( पौडेल, २०६९:१६) ।
- डेभिड नुनानका अनुसार सम्प्रेषणात्मक कार्यहरू (कुनै एउटा पूरा खबर समावेश भएको मौखिक वा लिखित अन्तर्क्रियाको अंश) भाषाको प्रसङ्ग वा सन्दर्भसँग सम्बन्धित हुन्छ भने यसलाई सङ्कथनभनिन्छ ( पौडेल, २०६९:१६) ।
- एलेन र कर्डरका अनुसार सङ्कथनलाई भाषिक सङ्केतको उत्पादनका रूपमा हेर्नु पर्दछ (पौडेल, २०६९:१६) ।
- सिनक्लियर र कोल्टहार्टका अनुसार सङ्कथनएउटा भिन्नै तह हो तर हामीहरू के कुरामा जोड दिन्छौँ भने यस अन्तर्गत सीमित सङ्कथनमा कथन कार्यलाई लिइएको हुन्छ । यिनको संयोजनबाट उच्च तहका भाषिक एकाइहरूको संरचनासम्बन्धी अनुमान गर्न सकिन्छ ( ढङ्गेल र दाहाल, २०७४: २३५, २३६) ।
- रोला बार्थका अनुसार कुनै पनि पाठ अध्ययनपरक स्थान हो र त्यो कार्य प्रणालीमा अनुभूत र उत्पादित भएर सङ्कथनबन्छ ( पौडेल, २०६९:१६) ।

माथिका भनाइहरूको आधारमा के भन्न सकिन्छ भने सङ्कथनविश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक कार्यको विश्लेषण हो । यसमा शैक्षणिक दृष्टिकोणले मात्र नभई हरेक दृष्टिकोणले उपयुक्त संरचनागत विश्लेषण गर्ने कार्य गरिन्छ । यसमा भाषाका साञ्चारिक कार्यहरूलाई एकीकृत गरी समष्टिगत रूपमा सञ्चारका बृहत् एकाइहरूको निर्माण गर्ने र वाक्यगत बोलीहरूका विचमा रहने सम्बन्ध  तिनमा निमित सङ्गति र बनोटका विभिन्न प्रकारको निर्क्योल गर्नमा ध्यान दिइन्छ ( पौडेल, २०६९/१७) । स्वयम्मा पूर्ण, अखण्डित र सम्प्रेषय भाषिक अध्ययनको साङ्गोपाङ्गो सौन्दर्य र अर्थको मर्मबोध सङ्कथनविश्लेषणबाटै सम्भव हुन्छ । यसको उद्देश्य जहिले पनि सम्प्रेषणात्मक हुन्छ र त्यसमा कार्य गरेका हुन्छन्

। एउटा सङ्कथनमा फरक फरक वाक्यहरू स्वभावतः अर्थानुक्रम र अन्वितिमा आवद्ध भएर आएका हुन्छन् (पौडेल, २०६९:१८) ।

निष्कर्षमाः सङ्कथन भनेको सर्न्दभबद्ध भएर फैलिएको प्रकटित भएको भाषिक स्वरूप हो । अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति नै सकथनको मुख्य पहिचान भएकाले र त्योमानवीय सामाजिक अर्न्तर्क्रिया र अनुभवहरूको समग्र स्वरूप भएकाले यसको अध्ययन विश्लेषणको निकै महत्त्वरही आएको देखिन्छ ।

सुरूका चरणमा कथ्य अभिव्यक्तिलाई मात्र सङ्कथनमानिएता पनि पछि विस्तारै विस्तारै लेख्य भाषाको पनि विविध स्वरूपमा विकसित हुँदै गएको देखिन्छ । कथ्य सङ्कथनवा कथ्य घटनाहरू अन्तर्गत गफ, कुराकानी, संवाद, छलफल, भलाकुसारी, परिचय, वाद विवाद, गाली, ठट्यौली/जोक, मौखिक वर्णन, कथा कथन, मौखिक विवरण, आज्ञा, आदेश, निर्देशन, भाषण, प्रश्नोत्तर, स्वीकार, समर्थन, विरोध, क्षमा याचना, सपथ, अनुमोदन, आशिर्वाद, सान्त्वना, प्रशंसा, शुभकामना आदि सबै प्रकारका सानाठूला अभिव्यक्तिहरू यस अन्तर्गत पर्दछन् । कथ्य सङ्कथन वा पाठ भाषाको आधारभूत रूप, पुरानो रूप र धेरै हदसम्म लेख्य रूपबाट पनि प्रभावित रूप हो ( पौडेल, २०६९:२१) । यसमा भाषेत्तर तत्त्वहरूको उपयोगको सम्भावना हुन्छ ।

लेख्य सङ्कथन भाषाको लिखित पाठसित सम्बन्धित हुन्छन् । यसमा कथा, कविता, निबन्ध, जीवनी, नियात्रा, संस्मरण, चिठी, दैनिकी, निवेदन, टिप्पणी, प्रतिवेदन, उजुरी, विज्ञापन, समीक्षा, राजीनामा आदि विभिन्न विधाहरूलाई लेख्य सङ्कथनका रूपमा लिन सकिन्छ ।यस अध्ययनमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा सङ्ग्रहीत 'दुई मितको कथा' शीर्षकको लोककथाको सङ्कथन विश्लेषण गरिएको छ।

***समस्याकथन***

प्रस्तुत शोधको मूल समस्याका रूपमा सङ्कथनविश्लेषणको सैद्धान्तिक अवधारणाका सापेक्षतामा 'दुई मितको कथा' कथामा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्दै कथामा तिनीहरूको भूमिका केलाउनु रहेको छ । प्रस्तुत अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेको छ ।

(क) 'दुई मितको कथा'मा के कस्ता सम्बद्धकहरू प्रयोग भएका छन् ?

(ख) उक्त कथामा प्रयुक्त सम्बद्धकहरूको उपयुक्तता केलाउनु ?

*अध्ययनका उद्देश्यहरू*

प्रस्तुत शोधमा निम्नलिखित उद्देश्यहरू रहेका छन्

(क) ‘दुई मितको कथा’ कथामा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु,

(ख) उक्त कथामा प्रयुक्त सम्बद्धकहरूको उपयुक्तता केलाउनु ।

*अध्ययनको औचित्य र महत्त्व*

प्रस्तुत कथामा गरिने सङ्कथनविश्लेषणको अध्ययनल सङ्कथनर यसका युक्तिहरू, सम्बद्धक र सम्बद्धनका बारेमा अध्ययन गर्ने वा सरोकार राख्ने जोकोहीलाई फलदायी र उपयोगी हुन्छ । भाषाको महवपूर्णपाटोको रूपमा भूमिका खेल्ने सङ्कथनभाषा शिक्षणका क्षेत्रमा पनि अति आवश्यक रहेकोछ । तसर्थ प्रस्तुत अध्ययनबाट सङ्कथनका क्षेत्रमा अध्ययन गर्न चाहने जोकोहीलाई पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ । प्रस्तुत शोधले सङ्कथनको सैद्धान्तिक आधार तयार पार्नुका साथै लेखक, नीति निर्माता, पाठ्यक्रम / पाठ्यपुस्तक निर्माता, शिक्षक, विद्यार्थी, कथाकार, समालोचक, भाषा पाठ्यक्रमविद, अनुसन्धानकर्ता, भाषा वैज्ञानिक सबैलाई यसले सहयोग पुऱ्याएको छ । त्यसैले यसको औचित्य र महत्त्व अझ स्पष्ट हुन्छ ।

तसर्थ प्रस्तुत अध्ययनबाट माथि उल्लेखित सरोकारवालाहरूलाई निम्नलिखित तरिकाले सहयोग अथवा फाइदा मिल्छ :

- लेखकलाई यसको माध्यमबाट विषयवस्तुको गहन अध्ययन गर्न मद्दत पुग्छ समालोचकहरूलाई यसका माध्यमबाट विषयवस्तुको राम्रा र नराम्रा पक्षका बारेमा समालोचना गर्न मद्दत पुऱ्याएको छ ।
- तह अनुसार र विद्यार्थीका क्षमता अनुसार कस्तो खालको विषयवस्तु छनोट गर्ने, विद्यार्थीको रूची तह अनुसार कुन पक्षमा बढी छ आदिका बारेमा अध्ययन गर्न पाठ्यक्रमविद् र अनुसन्धनकर्तालाई सहयोग पुऱ्याएको छ ।
- त्यस्तै गरेर शिक्षकहरूलाई स्तर र आवश्यकता अनुसार भाषा शिक्षण विधि र प्रविधिहरूलाई चयन गरी शिक्षण र मूल्याङ्कन गर्ने सुझ र सिप प्राप्त गर्न यसले पुऱ्याएको छ ।

- पाठ्य समाग्री निर्माणका क्षेत्रमा पनि यसले सहयोग पुऱ्याएको छ ।
- त्यसैगरी विद्यार्थीका लागि भाषा पाठ्यपुस्तक, सन्दर्भ समाग्री, अध्यापन योजना निर्माण आदिमा यसले सहयोग पुऱ्याएको छ र
- 'भाषा वैज्ञानिकलाई विद्यार्थीको मनोवैज्ञानिक पक्षको बारेमा बुझ्न यसले सहयोग गर्छ ।

*अध्ययनको सीमाङ्कन*

प्रस्तुत शोध कार्यका सीमा निम्नानुसार रहेको छ ।

प्रस्तुत शोध कथाकार सुधा त्रिपाठी र अन्यद्वारा सम्पादित कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएको 'दुई मितको कथा' शीर्षक कथाको सङ्कथनविश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

प्रस्तुत शोधमा उक्त कथामा प्रयुक्त सम्बद्धकअन्तर्गत सर्वनामिक, स्थानिक तथा कालिक, संयोजक, पुनरावृति, प्रतिस्थापन, लोप लगायत कोशीय अर्थ सम्बन्ध र सम्बद्धकको अध्ययन रहेको छ । सम्बद्धकअन्तर्गत यसको पहिचान र विश्लेषणको अध्ययन यसका सीमा रहेको छन् ।

*पारिभाषिक पद/पदावली*

यस अध्ययनमा प्रयोग भएका केही पारिभाषिक शब्दहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

प्रस्तोता : सङ्कथनलाई अभिव्यक्त गर्ने व्यक्ति

बोद्धा : प्रस्तोताद्वारा अभिव्यक्त सूचनाको ग्रहण गर्ने व्यक्ति

माध्यम : सङ्कथनलाई प्रवाह गर्ने भाषा

विषय : पाठको केन्द्रीय कथ्य

कोडः भाषिक प्रतिविम्ब

परिवेश : घटना घटित स्थानको वातावरण

सङ्कथन : भाषाको सबै भन्दा माथिल्लो र पूर्ण एकाइ

सम्बद्धक : दुई वाक्यहरूका बीचमा अर्थगत सम्बन्ध जोड्न आउने घटक सम्बद्धक : अभिव्यक्तिमा जोड्कका रूपमा प्रयोग हुने भाषिक जोर्नी

***शोध पत्रको रूपरेखा***

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसारको छ

अध्याय एकः शोध परिचय

अध्याय दुई : सम्बन्धित  कार्यको पुनरावलोकन तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीनः अध्ययन विधि / प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँचः निष्कर्ष तथा सुझाव

सर्न्दभ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

## सैद्धान्तिक साहित्यको पुनरावलोकन

अधिकारी (२०७४) द्वारा *सामाजिक र प्रायोगिक भाषा विज्ञान* भन्ने पुस्तक लेखिएको छ । उक्त पुस्तकमा खण्ड 'क' र खण्ड 'ख' भनी शीर्षक समावेश गरिएको छ । उक्त खण्डमा जम्मा पृष्ठ ३१७ सम्म रहेको छ । पृष्ठ १०३ देखि प्रायोगिक भाषा विज्ञानलाई समावेश गरिएको छ । यस पुस्तकमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ मानिन्छ भनिएको छ । सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरूपको अध्ययन हो पनि भनिएको छ ।खण्ड 'ख' मा समावेश गरिएको सङ्कथन विश्लेषण अन्तर्गत पृष्ठ २६७ देखि २७१ सम्ममा सङ्कथन विश्लेषणको परिचय, पृष्ठभूमि र विकास, महत्त्व र कथ्य र लेख्य सङ्कथनलाई समावेश गरिएको छ । त्यसैगरी पृष्ठ २७२ देखि २७७ सम्ममा सङ्कथनका युक्तिहरू भनी चर्चा गर्दै सम्बद्धकको भूमिका, त्यसको प्रकृति भनी सार्वनामिक सम्बद्धक, स्थानिक र कालिक सम्बद्धक, संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप, कोशिय अर्थ सम्बन्धलाई उल्लेख गरिएको छ भने सम्बद्धनको भूमिकाको पनि व्याख्या गरी सङ्कथनका तत्त्वहरू भनेर प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरुप, शीर्षक / विषय, कोड, परिवेशलाई समावेश गरिएको छ र अन्त्यमा पृष्ठ २७७ देखि २७८ सम्ममा सङ्कथन विश्लेषण र शीर्षकलाई टुङ्याइएकोछ ।

अधिकारी (२०७४-१०३) द्वारा *सामाजिक र प्रायोगिक भाषा विज्ञान* पुस्तक लेखिएको छ। उक्त पुस्तकमा खण्ड 'क' र खण्ड 'ख' भनी शीर्षक समावेश गरिएको छ। एक पुस्तकमासङ्कथनका बारेमा चर्चा गरिएको छ। खण्ड 'क' मा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो भाषिक एकाइ भनिएको छ र सङ्कथन विश्लेषण भाषाको विस्तारित स्वरूपको अध्ययन हो पनि भनिएको छ। त्यस्तै गरी खण्ड 'ख' मा सङ्कथन विश्लेषणको परिचय , पृष्ठभूमि र विकास, महत्त्व र कथ्य र लेख्य  सङ्कथनलाई समावेश गरी 'सङ्कथनका युक्तिहरू भनी सम्बद्धकको चर्या गर्दै यसको प्रकृति भनी सार्वनामिक , स्थानिक र कालिक सम्बद्धक संयोजन, पुनरावृत्ति , प्रतिस्थापन , लोप अर्थ सम्बन्धलाई उल्लेख गरिएको छ। सम्बद्धनको भूमिकाको पनि व्याख्या गर्दै यसका तत्त्वहरू, शीर्षक प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप ,शीर्षक /  विषय, कोड परिवेशलाई समावेश गरी सङ्कथन विश्लेषण शीर्षकलाई टुङ्याइएको छ ।

ढकाल (२०६९/७०/१८) द्वारा *प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम* भन्ने पुस्तकान्मा सङ्कथनलाई सिङ्गो  या पूर्ण अभिव्यक्तिका रूपमा चर्चा गरी, सङ्कथन भाषाको उच्चतम एकाइ हो भनी विद्याको संरचना, त्यसको सौद्धान्तिक अवधारणा र सङ्कथन विश्लेषण भिन्न भिन्न हुन्छन् पनि भनिएको छ। सङ्कथन विश्लेषणको परिचय र परिभाषा, सड़कथन विश्लेषणमा भिन्नता हुने कारण ( विधागत संरचना विश्लेषण पद्धति, विश्लेषण) यसको महत्व र  कथ्य र लेख्य सड़कथनको पनि चर्चा गरिएको छ। त्यस्तै गरी सम्बद्धकका प्रकार भनी सार्वनामिक, स्थानिक , कालिक, संयोजन, लोप, पुनरावृत्ति, प्रतिथापन र कोशीय अर्थ सम्बन्धलाई उल्लेख गरी सम्बद्धनको पनि व्याख्या गरिएको छ। सम्बद्वनको तत्त्व भनी प्रस्तोता, प्राण्क,  माध्यम, सूचनाको स्वरूप, विषय, भाषिक संकेत, परिवेशलाई समेटिएको छ भने सङ्कथन विश्लेषण र भाषा शिक्षाको उपयोगिताको पनि चर्या गरी प्रस्तुत शीर्षकार्यलाई समाप्ति  गरिएको छ ।

पौडेल (२०६९-१५) द्वारा *प्रायोगिक भाषाविज्ञानका* प्रमुख आयाम पुस्तक लेखिएको छ। उक्त पुस्तकमा सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ हो भनी व्याख्या  गर्दै सङ्कथन विश्लेषण भाषाको सम्प्रेषणात्मक कार्यको विश्लेषण हो भनिएको छा सङ्कथनको सैद्धान्तिक अवधारणा र काथ्य सङ्कथन र लेख्य सङ्कथनको पनि चर्चा गरिएको छ। सङ्कथनका युक्तिहरू भनी सम्बद्धक सम्बद्वन, अभिप्रायमूलकता, ग्राहयता , सूचनामूलकता , परिस्थिति मूलकता र पाठात्मक अन्तर्सम्बद्धकता/ पाठान्तरता रहेको छ। सम्बद्धकका प्रकारहरूमा  सार्वनामिक, स्थानिक तथा  कालिक संयोजन, पुनरावृत्ति, प्रतिस्थापन, लोप कोशीय अर्थ सम्बन्ध सम्बद्धकलाई उल्लेख गरिएको छ।सम्बद्वनको भूमिका उल्लेख गर्दै सङ्कथनका  तत्वहरू भनेर प्रस्तोता / वक्ता , बोद्धा, माध्यम / मार्ग सूचनाको स्वरूप, शीर्षक / विषय/ कोड र परिवेशलाई समावेश गरी तिनीहरूको व्याख्या गर्दै सडकथन विश्लेषण र भाषा शिक्षाको उपयोगितालाई प्रस्तुत गरिएको छ ।

न्यौपाने र अन्य (२०६९) द्वारा *सामान्य भाषाविज्ञान पुस्तक* लेखिएको छ । उक्त पुस्तकमा जम्मा ९ ओटा एकाइहरू समावेश गरिएको छ । ती एकाइहरूलाई जम्मा पृष्ठ सङ्ख्या३३१ सम्ममा व्याख्या विस्तार गरी प्रस्तुत गरिएको छ ।एकाइ एकमा उल्लेखित पृष्ठ १३ मा भाषाविज्ञानका शाखाहरू छन् । त्यस शाखाअन्तर्गतको मुख्य शाखाको रूपमा पृष्ठ २१ मा सङ्कथन विश्लेषणलाई पनि समावेश गरी व्याख्या गर्ने प्रसंगमा सङ्कथन विश्लेषणलाई वाक्यभन्दा माथिल्लो एकाइ सङ्कथन हो भनी भनिएको छ । यसअन्तर्गत

वाक्यभन्दा माथिल्लो एकाइ भनी त्यस बुँदालाई टुङ्ग्याएको छ ।

भण्डारी (२०७२) द्वारा *'अछुत जातीलाई टीका लगाउँदा'* निबन्धको सङ्कथन विश्लेषण शीर्षकमा शोधपत्र तयार पारिएको छ। उक्त शोधकार्यको उदेश्यहरू (क) सङ्कथन विश्लेषणको सौद्धान्तिक आधार तयार गर्नु (ख) 'अछुत जातीलाई टीका लगाउँदा' प्रयुक्त सम्बद्धक र सम्बद्धनहरूको पहिचान र विश्लेषण गर्नु , (ग) सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता कैलाउनु रहेको छ ।

यस अध्ययनमा पुस्तकाललीय कार्यको प्रयोग गरिएक छ। प्रस्तुत शोधमा निबन्धको वाक्य सङ्ख्या एकदेखि दश वाक्यसम्मका बीचमा रहेका सम्बनहरूको पहिचान विश्लेषण र तालिकीकरण गरिएको छ । प्रस्तुत शोधमा एक देखी एकसय दश वाक्य सङ्ख्या बीचमा रहेका सम्बद्वकको प्रयोग, उपयुक्तता र पाठको उनाइ बुनाइका दृष्टिले उपयुक्त रहेको तथा सम्बद्धन प्रयोगका दृष्टिले पनि अन्वितिपूर्ण नै रहेको छ । निबन्धमा सरल वाक्य गठन र अभिधात्मक प्रस्तुतिले सामान्य पाठकका लागि पनि सुबोध्य रहेको निष्कर्ष निकालिएको छ।

सापकोटा (२०७४) द्वारा *'कविताको परिशिष्ट'* निबन्धको सङ्थन विश्लेषण शीर्षकमा शोधकार्य भएको पाइन्छ। उक्त सोधकार्यको उद्देश्यहरू (क)' कविताको परिशिष्ट' निबन्धमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नु, (ख) उक्त निबन्धमा प्रयुक्त सम्बद्वनहरूको पहिचान र विश्लेषण गर्नु, (ग) सम्बद्धक र सम्बद्वनका दृष्टिले 'कविताको परिशिष्ट' निबन्धको उपयुक्तता केलाउनु रहेको छ ।

यस शोधकार्यको अध्ययन विधि अन्तर्गत पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ। यस शोधकार्यको नमुनाको रूपमा २१ ओटा वाक्यहरूलाई लिइएको छ। चार अनुच्छेदलाई ८ छुट्टा छुट्टै तालिका बनाई तथ्याङ्क विश्लेषण र व्याख्या गरिएको छ। प्रस्तुत निबन्ध काव्यिक वाक्य गठन र लाक्षणात्मक प्रस्तुतिले सामान्य पाठ्कका लागि निकै जटिल बनेको छ। समग्रमा प्रस्तुत निबन्ध सम्बद्वक र सम्बद्धन प्रयोगका दृष्टिले विशिष्ट पाठकका लागि मात्र उपयुक्त र सबल देखिन्छ भन्ने निष्कर्ष निकालिएको ।

घिमिरे (२०७४) द्वारा *'सपरिवार छोराले देश छोडेको रात'* मनोवादको सङ्कथन विश्लेषण को शोध कार्य भएको पाइन्छ । उल शोधकार्यको उद्देश्यहरू (क) 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण गर्नू,(ख) उक्त मनोवादमा प्रयुक्त सम्बद्वनहरूको पहिचान र विश्लेषण गर्नु, (ग) मनोवादमा प्रयुक्त

सम्बद्धक र सम्बद्धनहरूको उपयुक्तता कैलाउनु रहेको छ।

यस शोधकार्यको अध्ययन विधि अन्तर्गत पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ। प्रस्तुत शोधमा मनोवादमा रहेको वाक्यहरूलाई सङ्ख्यात्मक रूपमा प्रस्तुत गरी वाक्यहरूका बीचमा रहेको सम्बद्धक र सम्बद्नहरूको पहिचान गरी विश्लेषण र तालिकीकरण गरिएको छ। प्रस्तुत मनोवादको उपयुक्तता हेर्दा भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण नै छ। बोधगम्यता र अर्धपूर्णताका आधारमा समेत पठ्नयोग्य र उपयुक्त छ भनी निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०७४) द्वारा *'जय भोलि' निबन्धको सङ्कथन विश्लेषण* शार्षकमा शोधकार्य गरिएको छ। उक्त शोधकार्यको उद्देश्यहरू (क) 'जय भोलि' निबन्धमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु, (ख) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण गर्नु , (ग) सम्बद्वक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेको छ।

उक्त शोधकार्यमा पस्तकालयीय कार्यको प्रयोग गरिएको छ। उक्त शोधकार्यको नमुनाको रूपमा ७८ ओटा वाक्यहरू लाई लिइएको छ। निबन्धको कुल ४० अनुच्छेदलाई २० छुट्टाछुट्टै तालिका बनाई सम्बद्धक र सम्वद्धनका प्रकारका आधौरमा छुट्याएर तथ्याङ्क विश्लेषण र व्याख्यां 'प्रक्रियालाई आगमन विधिको उपयोग गरी अघि बढाइएको छ। सामान्य पाठकको अपेक्षा गर्दै एकै पढाइमा यस पाठको अर्थ बुझिने हाँसी हाँसी पाठन सकिने र सम्बद्धन र सम्बद्वकको दृष्टिले उपयुक्त छ भनि निष्कर्ष निकालिएको छ।

भट्टराई (२०७६) द्वारा '*कोक्रो*'कथाको सङ्कथन विश्लेषण शीर्षकमा प्रस्तुत शोधकार्य गरिएको छ। उक शोधकार्यमा उद्देश्यहरू (क) '*कोक्रो*'कथामा प्रयुक्त सम्बद्वकको पहिचान र विश्लेषण गर्नु, (ख )प्रस्तुत कथामा प्रयुक्त सम्बद्धनको पहिचान र विश्नोषण गर्नु तथा (ग) सम्बद्धक र सम्बदनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु रहेको छ।

यस शोधकार्यको विधि अन्तर्गत पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ। तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रियामा आगमन विधिको प्रयोग गरिएको छ। भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण र पठन योग्य रहेको देखाउदै सङ्कथन र उसका युक्तिहरू सम्बद्वन र सम्बद्वकका सापेक्षतामा अर्थपूर्ण र उपयुक्त रहेको देखिन्छ भनी निष्कर्ष निकालिएको छ ।

यसरी सङ्कथन विश्लेषणका क्षेत्रमा केही अध्ययन अनुसन्धान भएको पाइन्छ । यस अध्ययनले सङ्कथन विश्लेषणका क्षेत्रमा सहयोग पुग्ने विश्वास गरिएको छ ।यसरी हेर्दा

उल्लेखित शीर्षक एवम् विषयमा अध्ययन कार्य सम्पन्न भएपनि सुधा त्रिपाठी र अन्यद्वारा सम्पादित गरिएको कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समावेश गरिएको 'दुई मितको कथा' कथाको सङ्कथन विश्लेषण अन्तर्गत सम्बद्धकको विश्लेषण कोही कसैबाट पनि हालसम्म नभएकाले यससँग सम्बन्धित जानकारी हरू हासिल गर्नसहयोग पुग्ने अपेक्षा गरिएको ।

*पूर्वकार्यको उपयोगिता*

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्नका लागि अन्शु भट्टराई (२०७६) 'कोको' कथाको सङ्कथन विश्लेषण, एकराज धिमिरे ( २०७४) 'जय भोलि' निबन्धको सङ्कथन विश्लेषण, मञ्जु सापकोटा (२०७४) 'कविताको परिशिष्ट' निबन्धको सङ्कथन विश्लेषण, विद्यादेवी भण्डारी (२०७३) 'अछूत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण र विकास घिमिरे ( २०७४) 'सपरिवार छोराले देश छाडेको रात मनोवादको सङ्कथनविश्लेषण शीर्षकमा गरिएका शोधपत्रहरूलाई आधार मानेर यो शोधकार्यलाई अघि बढाइएको छ ।

यी शोधहरूमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक रसम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण गरी अन्विति र उपयुक्तता केलाउनु रहेको छ । अन्य क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणको क्षेत्रमा अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भएको । तसर्थ प्रा.डा. सुधा त्रिपाठी र अन्यद्वारा सम्पादित कक्षा ९ को नेपाली भाषा पाठ्य पुस्तक भित्रको 'दुई मितको कथा' कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधकार्यमा गरिएको छ। माथिका पूर्वकार्यहरूले प्रस्तुत शोधपत्रमा निम्नानुसार सहयोग पुऱ्याएको छ ।

**भट्टराई** (२०७६) प्रस्तुत शोधकार्यको पृष्ठभूमि निर्माण, जनसङ्ख्या र नमुना छनोट र तथ्याङ्कका स्रोत निम्ति उपयोग गरिएको छ । समस्याकथन र उद्देश्य निर्धारणका निम्ति घिमिरे (२०७४) को उपयोग गरिएको छ । त्यसैगरी अध्ययनको सीमाङ्कनका लागि सापकोटा (२०७४)को उपयोग गरिएको छ । अध्ययनको संरचनाका लागि भण्डारी (२०७३) को उपयोग गरिएको छ ।भने प्रारूप निर्माण, अध्ययनको औचित्य तथा महत्त्व, तथ्याङ्क सङ्कथन प्रक्रिया, तथ्याङ्कको विश्लेषण र व्याख्या प्रक्रियाको निम्ति घिमिरे ( २०७४) को उपयोग गरी प्रस्तुत शोधकार्यलाई अघि बढाइएको छ ।

### *सैद्धान्तिक / धारणात्मक संरचना*

### *सैद्धान्तिक अवधारणा*

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्न माधवप्रसाद पौडेल ( २०६९ ) प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू, शान्तिप्रसाद ढकाल (२०६७) प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम, टङ्कप्रसाद न्यौपाने, पारसमणि भण्डारी, दीपक न्यौपाने, तुलसीराम घिमिरे ( २०६९) सामान्य भाषाविज्ञान, भोजराज ढुङ्गेल, दुर्गाप्रसाद दाहाल ( २०६९ ) सामान्य र प्रायोगिक भाषाविज्ञान र हेमाङ्गराज अधिकारी (२०७४) सामाजिक र प्रायोगिक भाषाविज्ञान भित्र रहेका सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण गरी अन्विति र उपयुक्तता केलाइएको छ । तसर्थ प्रा. डा. सुधा त्रिपाठी र अन्यद्वारा लिखित कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक भित्र रहेको 'दुई मितको कथा' कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरू पत्ता लगाई तिनको विश्लेषण समेतगरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधकार्यमा गरिएको छ ।

### *सैद्धान्तिक ढाँचा*

प्रस्तुतअध्ययनमा सङ्कथन विश्लेषणका सन्दर्भमाअगाडि ल्याइएको सम्बद्धक र सम्बद्धनसँग सम्बन्धित सैद्धान्तिकढाँचालाई आधार बनाइएको छ, जसलाई यहाँ संङ्क्षेप उल्लेख गरिएको छ ।

### *सड़कथन विश्लेषणको परिचय*

सङ्कथन भनेको वाक्यभन्दा माथिको एकाइ हो । भाषको सबभन्दा माथिल्लो तथा सिङ्गो अभिव्यक्ति एकाइ पनि (पौडेल २०६९) सङ्कथनको अर्थ अभिव्यक्तिगत समग्रता हो। मानिसले गर्ने गफ, कुराकानी, संवाद, छलफल विवाद, ठट्टा गाली, अन्तर्वार्ता, अभिनय, भाषामा आदि सङ्कथन विश्लेषणका कथ्य क्षेत्र-अन्तर्गत पर्दछन् भने चिठी, निवेदन, कथा, कविता, प्रबन्ध, निबन्ध, दैनिकी, प्रतिवेदन जस्ता विद्याहरू यसको लिखित अभिव्यक्तिको क्षेत्र भित्र पर्दछ। सङ्कथनमा प्रस्तोता वा वक्ताले आफूलाई अभिव्यतिकर्ताको रूपमा प्रस्तुत गरेको हुन्छा यसले भाषाको स्वतन्त्र प्रयोग र सिङ्गो अभिव्यक्तिगत घटनालाई जनाउछ । यो भिन्न भिन्न शैली, स्वरूप, कथन घटना, अभिव्यक्तिगत प्रकार र समग्र सम्पेषणात्मक कार्यका दृष्टिले पनि महतत्वपूर्ण हुन्छा

सङ्थकन भनेको सन्दर्भबद्ध भएर फैलिएको र प्रकटित भएको भाषिक स्वरूप हो (

पौडेल, २०६९)। अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति नै सङ्कलनको मुख्यपहिचान भएकाले र मानवीय सामाजिक अन्तर्क्रिया र अनुभवहरूको समग्र स्वरूप भएकाले वर्तमान सन्दर्भमा प्रायोगिक भाषा विज्ञानका क्षेत्रमा सङ्कथन विश्लेषणलाई एक महत्त्वपूर्ण र अपरिहार्य विषयको रूपमा चिनिएको देखिन्छ ।

*सङ्कथनका युक्तिहरू*

मानवीय अनुभवलाई भाषाका एकाइमा उन्ने काम सङ्कथन हुन्छ। यसले विचार वा भाषालाई सङ्गतिपूर्ण बताउँछ। अभिव्यक्ति (कथ्य वा लेख्य) लाई सन्दर्भ मिल्दो रूपमा प्रस्तुत गर्ने उपायहरू हुन्छन् । त्यस्ता उपायहरूलाई संङ्कथनका युक्ति भनिन्छ। यस्ता युक्तिहरू निम्नानुसार छन् ।

*सम्बद्धक (कोहेजन)*

सम्बद्धक भनेको वाक्य वा त्यसभन्दा माथिका भाषिक एकाइहरूलाई अन्तर्सम्बन्धित बनाउने वा एक आपसमा जोड्ने युक्तिहरू नै सम्बद्धक हुन। यस्ता युक्तिहरू सर्वनामिक, कालिक र स्थानिक सन्दर्भ तथा संयोजक, पुनरावृति, प्रतिस्थापन, लोप, कोशीय अर्थ, सम्वन्ध आदि विविध कुरासित सम्बन्धित हुन्छन् ।सङ्कथनात्मक पाठहरूका वैचारिक श्रृङ्खलाहरूलाई विस्तार गर्ने, स्पष्टीकरण दिने, छनोट गर्ने, विकल्प दर्साउने, विरोध गर्ने, अनुमोदन गर्ने, समर्थन गर्ने, विपरीत दृष्टिकोण दिने, तुलना गर्ने, कार्यकारण सम्बान्ध देखाउने, व्याख्या गर्ने, निष्कर्ष दिने आदि भूमिका खेली सङ्कथनमा प्रत्यक्ष सहयोग पुऱ्याएका हुन्छन् । सम्बद्धक विभिन्न किसिमका हुन्छन् :

*सार्वनामिक सम्बद्धक*

सम्बद्धकहरू मध्ये सबभन्दा महत्त्वपूर्ण भूमिका सार्वनामिक सम्बद्धले खेलेको हुन्छ। यसमा पद, पदावली वा वाक्यको पुनरावृतिलाई कम गरी सङ्कथनलाई सङ्गठित बनाउन आउने सर्वनाम पार्दछ । सम्बद्धकहरूले एउटै वाक्यभित्र र दुई वा दुईभन्दा बढी वाक्यहरूबीचमा महत्वपूर्ण भूमिका उल्लेख गरेको हुन्छ। साङ्कथन घटना वा वैचारिक शृङ्खलाहरूलाई क्रमिक रूपले उन्न र बून्न भूमिका खेल्ने भाषिक तत्वहरूमध्ये सर्वनामतिनबाट बनेका शब्दहरू सार्वनामिक सम्बन्द्धक हुन । यस्ता सार्वनाम दुई प्रकारका हुन्छन्, ती हुन :

*अग्र सन्दर्भक*

सुरूमा विशिष्ट शब्द दिएर त्यसको सङ्केतगर्ने सर्वनामलाई अग्र सन्दर्भक सार्वनामिक सम्बद्धक भनिन्छ ।

*पश्च सन्दर्भक*

भनाइको निष्कर्ष अन्तमा राखिएको तर त्यसको व्याख्या, विस्तार एवम् उदाहरणलाई जोड्ने सार्वनामिक सम्बद्धकलाई पश्च सन्दर्भक भनिन्छ ।

*स्थानिक तथा कालिक सम्बद्धक*

ठाउँ र समय श्रृङ्खला देखाउने वा स्थान र कालसँग वैचारिक सिलसिला जोड्ने सन्दर्भपूर्ण शब्द वा पदावलीहरूलाई स्थानिक तथा कालिक सम्बद्धक भनिन्छ (पौडेल, २०६९)यहाँ, त्यहाँ, उहाँ, कता, जता, त्यता, तल, माथि, भित्र बाहिर अगाडि, पछाडि, वाटामा, घरमा, वनमा, भैरहवाबाट, बजारतिर आदिले स्थानिक सन्दर्भ जनाउछन् भने अहिले, उहिले, पहिले जहिले, राति, साँझ, दिउँसो, पोहोर, परार, बारम्बार, सधैं, पाँच वर्ष, अगि, २०६९ सालमा आदिले कालिक सन्दर्भ जनाउने काम गरेका हुन्छन् ।

*संयोजन*

परम्परागत रूपमा संयोजन भनेर चिनिने तथा वाक्य र. शब्दको अन्विति गाँस्न आउने रूप वा शब्दको भूमिकालाई संयोजन : भन्न सकिन्छ (पौडेल, २०६९) । विविध किसिमका सन्दर्भ वा सम्बन्ध दर्साउन आउने शब्दर पदावलीहरू पनि यसै अन्तर्गत पर्छन् । संयोजकका रूपमा र, तर, पनि, अति, अथवा, तापनि, नत्र, किनभने आदि देखिन्छन् । त्यस्तै वियोजनका निम्ति आउने न, नत, तापनि भए / परे/खाए पनि आदि वैपरीत्य देखाउने कि, वा, किन्नु परन्तु आदि : अधीनस्थता देखाउन आउने सित, सँग, तिर आदि विविध किसिमका सन्दर्भ वा सम्बन्ध, दर्साउन आउने शब्द र पदावलीहरू पनि यसै अन्तर्गत पर्छन्। यस्तो संयोजनले पाठलाई सुसम्बध बनाउन सहयोग गर्दछ ।

*पुनरावृत्ति*

सङ्कथनात्मक घटना क्रमका सन्दर्भमा कतिपय शब्द, पदावली, उपवाक्य वा वान्यहरू पुरै वा आंशिक रूपमा पुनरावृत भएर पनि सम्बद्धकको काम गरेका हुन्छ । सम्बद्धक भनेका भाषाबद्ध वा भाषिक युक्ति भएकाले कतिपय सन्दर्भमा एउटै भाषिक एकाइ

वा आइटमको आवृत्तिले पनि सम्बद्धकको काम गरेका हुन्छन् (पौडेल, २०६९)।

*प्रतिस्थापन*

भण्डारी र अन्यका अनुसार प्रतिस्थापनबाट सम्बद्धता जनाउँदा कुनै पूर्णप्रयुक्त पद, पदावलीका सट्टा अर्कै पद, पदावलीको प्रयोग गरिन्छ तर यसले अर्थस्तरमा भने भिन्नता ल्याउँदैन (२०६९:२०)। यसले भाषिक अभिव्यक्तिलाई छोट्याउने र उही भाषिक एकाइलाई पटकपटक दोहोरिनबाट जोगाउँछ ।

*लोप*

लोपको अर्थ हराउनु भन्ने हुन्छ । वाक्यमा कुनै खास भाषिक एकाइको प्रयोग नगरिएका लोप भएको मानिन्छ । लोप भएका भाषिक प्रसङ्ग वा आइटमहरू श्रोता वा पाठकहरूले सहज ढङ्गले बुझ्न सक्ने र व्याख्या गर्न सकिने खालका हुन्छन्।

*कोशीय अर्थ सम्बन्ध*

सङ्कथनमा वैचारिकता तथा घटनाको शृङ्खला अन्तरसम्बन्ध जोड्न कोशीय अर्थ सम्बन्धले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सङ्कथन वा पाठमा विविध अर्थ सम्बन्ध भएका पर्यायवाची, अनेकार्थी, लघुतावाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, स्थुलवाची लघुवायी आदि विविध शब्दहरूको पनि उल्लेख रहन सक्छ ।

*अन्य*

सङ्कथनका सम्बद्धकहरू मध्ये विचलन,समानान्तरता, अनुप्रासिक प्रयोग तुकबन्दी शब्दान्तर जस्ता कुराहरूले पनि भाषिक उपकरणका दृष्टिले सङ्कथनात्मक अन्तर्सम्बद्धता गाँस्ने उल्लेख्य सम्बद्धकको भूमिका खेलेको हुन्छ (पौडेल, २०६९) ।

*सम्बद्दन (कोहिरेन्स)*

पाठमा भएका भाषिक एकाइहरूबिचको आर्थी सम्बन्धलाई सम्बद्धन भनिन्छ । सङ्कथनको महत्त्वपूर्ण र आधारभूत पक्ष सम्बद्धता हो। वक्ताले भनेका वा लेखकले व्यक्त गरेका अभिव्यक्तिलाई श्रोता वा पाठकले बुझ्न बा ग्रहण गर्न वक्ता-श्रोता वा लेखक पाठकका विचमा अपसी अन्तः सूत्र स्थापित हुनु सम्बद्धन हो।

*सङ्कथनका तत्वहरू*

कुनै पनि सङ्कथनलाई पूर्ण अभिव्यक्तिको रूप दिन विभिन्न पक्षहरूले भूमिका खेलेका हुन्छन्। ती भूमिका खेल्ने विविध पक्षहरू सङ्कथनका तŒव हुन । ती तŒवहरू :

*प्रस्तोता/ वक्ता*

सङ्कथनमा प्रस्तोता वा वक्ताको केन्द्रीय भूमिका हुन्छ । प्रस्तोता वा वक्तालाई अभिव्यक्तिकर्ता पनि भन्न सकिन्छ ।

*बोद्धा*

बोद्धा भनेको श्रोता वा पाठक हो। सङ्कथनमा प्रस्तोता पछिको दोस्रो महत्वपूर्ण भूमिका बौद्धाको रहेको हुन्छ ।

*माध्यम/मार्ग*

सङ्कथन सञ्चारको भाषिक वा भाषेतर आधारलाई नै माध्यम वा मार्ग भनिन्छ। यसले प्रस्तोता र बोद्धाबीच सम्बन्ध स्थापित गर्न महत्त्वपूर्ण कार्य गर्दछ ।

*सूचनाको स्वरूप*

सूचनाको स्वरूप भनेकोसङ्कथनात्मकशैलीवा विद्या विविधता हो । छलफल ,ठट्टा, गफ, चिठी, वादविवाद, वर्णन, विज्ञापन आदिमा एकै खालका विषयवस्तुलाई भिन्नभिन्न ढङ्गमा प्रस्तुत गरिएको हुन्छ । यी विषयले पनि सङ्कथनमा प्रभाव पार्दछन्।

*शीर्षक*

कुनै पनि पाठको केन्द्रित अभिव्यक्ति नै त्यसको शीर्षक हो। यसलाई विषयको रूपमा उल्लेख गरिन्छ। सङ्कथनका शर्षिक वा विषय आत्मपरक, वस्तुपरक, वर्णनात्मक, विवरणात्मक भाषात्मक, नाट्यात्मक, सूचनात्मक हुन्छन् । यो सङ्कथनको महत्त्वपूर्ण पक्ष हो।

*कोड*

कोड भनेको भाषा हो। भाषाको विविध स्वरूप पनि हो (पौडेल, २०६९:३०)। कुनै सङ्कथन मानक कोडमा प्रस्तुत गरिएको हुन्छ भने कुनै संकथन. स्थानीय कोडमा पनि प्रस्तुत भएको हुन्छ।

*परिवेश*

परिवेश भनेको बाहय वा आन्तरिक परिस्थिति वा वातावरण सम्बन्धी सन्दर्भ परिप्रेक्ष्य वा वस्तुस्थिति हो। घर परिवार, हाट बजार, बैठक सेमिनार, सभा, समारोह, नियात्रा, भलाकुसारी आदि विभिन्न खालका औपचारिक, अनौपचारिक सन्दर्भ अनुसार सङ्कलनको स्वरूपमा भिन्नता वा विविधता सामाजिक सन्दर्भका साथै स्थान र समयको भिन्नता तथा त्यस्ता भौतिक अवस्थितिले पनि परिवेशको भिन्नतालाई प्रतिबिम्बित गर्दछ।

*धारणात्मक संरचना*

यस शोधकार्यको अवधारणालाई निम्नानुसारको ढाँचामा प्रस्तुत गरिनेछ :



## अध्याय तीन

## अध्ययनको विधि र प्रक्रिया

*अध्ययनको संरचना*

प्रस्तुत अध्ययनमा 'दुई मितको कथा' कथाको सङ्कथन विश्लेषण गरिएको छ । सकथन विश्लेषणका युक्तिहरू सम्बद्धकलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय स्रोतलाई मुख्य रूपमा उपयोगगरिएकोछ । यो विश्लेषणात्मक प्रक्रियाको अध्ययन हो । प्रस्तुत अध्ययन गुणात्मक प्रक्रियाको हो। प्रस्तुत शोधमा प्राथमिक स्रोतका लागि सुधा त्रिपाठी र अन्यद्वारा लिखितकक्षा ९ को नेपाली पाठ्यपुस्तक भित्र रहेको 'दुई मितको कथा' कथा रहेको छ । यस अध्ययनमा पुस्तकालयमा उपलब्ध भएका सङ्कथन विश्लेषण सम्बन्धी विभिन्न पुस्तक, पत्रपत्रिका तथा सम्बन्धित शीर्षकमा अग्रजहरूद्वारा तयार पारिएको शोधहरूको अध्ययन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

*जनसङ्ख्या र नमुना*

प्रस्तुत शोधकार्यमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक भित्र रहेको 'दुई मितको कथा' कथा सिङ्गो कृतिलाई नै यसको जनसङ्ख्या र नमुनाको रूपमा लिइएको छ ।

*तथ्याङ्कका स्रोत*

यस शोधकार्यमा तथ्याङ्कका स्रोत भनी प्राथमिक र द्वितीयक स्रोतलाई मानिएको छ ।

*प्राथमिक स्रोत*

यस शोधकार्यमा अनुसन्धान कार्यका लागि प्राथमिक स्रोतका रूपमा कथाकार सुधा त्रिपाठी र अन्यद्वारा लिखित कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक भित्र रहेको 'दुई मितको कथा' कथालाई लिइएको छ ।

*द्वितीयक स्रोत*

प्रस्तुत शोधपत्रमा द्वितीयक स्रोतका रूपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरू, विभिन्न सहयोगी पुस्तक, सैद्धान्तिक लेख,पत्रपत्रिका, विद्वानहरूका लेखरचना तथा शोधपत्रहरूलाई लिइएको छ ।

*तथ्याङ्क सङ्कलन प्रक्रिया*

प्रस्तुत शोधपत्रमातथ्याङ्क सङ्कलन पुस्तकालयीय कार्यको प्रयोग गरिएको छ ।

*तथ्याङ्कको परीक्षण*

प्रस्तुत अध्ययनमा तथ्याङ्कको परीक्षणका लागि सम्बन्धित विषयसँग सम्बन्धित भाषा विशेषज्ञ, सैद्धान्तिक विशेषज्ञ, विषय विशेषज्ञ र विषय शिक्षकहरूबाट गरिएको छ ।

## अध्याय चार

## नतिजाको व्याख्या र विश्लेषण

*परिचय*

'दुई मितको कथा' कथाका कथाकार सुधा त्रिपाठी र अन्यद्वारा सम्पादित लेखिएको कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेशगरिएको कथा हो । यस कथामा प्रमुख पात्रको रूपमा हात्ती र लाटोकोसेरोका साथै अन्य पात्रका रूपमा राक्षस, राक्षसका राजा लगायत जराया, अर्नालाई पनि यस कथामा प्रस्तुत गरिएको छ । उनीहरूको कथालाई अकार्षित बनाउन मान्छेको भाषा र मान्छेकै नाम दिइ प्रस्तुत कथालाई अगाडि बढाइएको छ। यो कथा कक्षा ९ को अनिवार्य नेपाली भाषा पाठ्यपुस्कमा समेटिएको छ। यो अध्ययन यसै कथामा प्रयुक्तसम्बद्धकका आधारमा सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

*'दुई मितको कथा' कथाको वाक्यहरूका बिचमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण*

यस अध्ययनमा निर्दिष्ट कथाको वाक्यहरूको बीचमा रहेको सम्बद्धकको बिश्लेषणका लागि प्रत्येक अनुच्छेदलाई छुट्टा-छुट्टै रूपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरूका बीचमा बाहय सम्बन्ध दर्शाउन आउने सम्बद्धकको खोजी गरी तालिकामा प्रस्तुत गरिनुका साथै विश्लेषण पनि गरिएको छ । कथाको प्रत्येक अनुच्छेदमा आएका अन्तर वाक्यीय संरचनामा आएका सम्बद्धकहरूलाईतल प्रस्तुत गरिएको छ ।

*निर्दैष्ट कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकहरूको पहिचान र विश्लेषण*

१. चारकोसे झाडीको बिचमावनदेवीको मन्दिरको छेउमा एउटा विशाल रूख थियो ।

२. त्यस रूखलाई दुई मितहरूले आफ्नो घर बनाएका थिए ।

३. तीदुईमा एउटा लाटोकोसेरो थियो ।

४. अर्कोचाहिँ हात्ती थियो ।

५. उनीहरूएक अर्कासित मान्छेको भाषमा कुरा गर्थेर मान्छेले जस्तै मित्रताको व्यवहार पनि गर्थे ।

६. आफ्नामितलाई बोलाउन सजिलो होस् भनीतिनले नाम पनि मान्छेकै जस्ता राखेका थिए ।

७. लाटोकोसेराको नाम नेत्रलाल थियो भने हात्तीको नाम चाहिँ कर्णकान्त थियो

*तालिका सङ्ख्या १*

*निर्दिष्ट कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धक पहिचान र विश्लेषण*

| वा.सं | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १ र २ | स्थानिक<br>- | - |
| २ र ३ | सार्वनामिक<br>स्थानिक | आफ्नो<br>घर |
| ३ र ४ | सार्वनामिक<br>संयोजन | ती<br>चाहिँ |
| ४ र ५ | सार्वनामिक<br>संयोजन | उनीहरू<br>र |
| ५ र ६ | संयोजन<br>सार्वनामिक<br>सार्वनामिक | भनी<br>आफ्ना<br>तिनले |
| ६ र ७ | संयोजन<br>पूनरावृत्ति<br>संयोजन | भने<br>थियो<br>चाहिँ |

माथिको तालिकामा उल्लेख भएअनुसार  वा.सं. २ र ३ मा एक पटक सार्वनामिक र एक पटक स्थानिक सम्बद्धकको प्रयोग भएको छ। वा.स. ३ र ४ मा सार्वनामिक,र संयोजनको एक पटक प्रयोग भएको छ। वा.सं. ४ र ५ मा एक पटक सार्वनामिक , एक पटक संयोजन र एक पटक सम्बद्धकको प्रयोग भएको छ। वा.सं. ५ र ६ मा दुईपटक सार्वनामिक र एकपटक संयोजन सम्बद्धकको प्रयोग भएको छ। त्यस्तै गरी वा.सं. ६ र ७ मा दुई पटक संयोजन, एक पटक पुनरावृत्तिको प्रयोग गरिएको छ।

यसरी पहिलो अनुच्छेदमा स्थानिक, सार्वनामिक र संयोजनको वढी मात्रामा प्रयोग

भएको छ । त्यस्तैगरी अन्य विविध प्रकारका सम्बद्धहरूको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ ।

*निर्दिष्ट कथाको दास्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

८. नेत्रलाल पन्छी हुनाले रूखका हाँगामा चढेर सुत्ने गर्थ्यो र कर्णकान्त चाहिँरूखको फेदमै रात बिताउँथ्यो ।

९. दिनभरितीआफ्ना आहारका खोजीमा एक्लाएक्लै एका एकातिर लाग्थे, तरसाँझ पर्दा नपर्दै तीआफ्नाघरतिरफर्किसक्थे र एक अर्कालाई दिनभरि आफूले देखे भोगेको कुराहरूको बेलीविस्तार लगाउँथे ।

१०. तिनीहरूयसरी बिच्चमा कुरा मात्र दोचार्दैनथे, परेका बेलामा आफ्ना मितका लागि ज्यानै समेतदिनुपरे पनि खुसीसाथ दिन्थे, कहिल्यैपछी हट्तैनथे ।

११. आजभोलिजतातै स्वार्थको जगजगी भएकाले हामीलाई यस्तो मित्रताको उल्लेख हुँदा आश्चर्य लाग्न सक्ला तर नेत्रलाल र कर्णकान्त साँच्चै नै पाई नसक्नुका मित थियो ।

*तालिका सङ्ख्या २*

*निर्दिष्ट कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ८ र ९ | | |
| | संयोजन | चाहिँ |
| | | र |
| | संयोजन | |
| ९ र १० | कालिक | दिनभरि |
| | सार्वनामिक | ती |
| | सार्वनामिक | आफ्ना |
| | संयोजन | तर |
| | कालिक | साँझ |
| | सार्वनामिक | ती |
| | स्थानिक | घरतिर |

| | | |
|---|---|---|
| | सार्वनामिक | आफ्ना |
| | संयोजन | र |
| | कालिक | दिनभरी |
| | सार्वनामिक | आफूले |
| १० र ११ | सार्वनामिक | तिनीहरू |
| | सार्वनामिक | यसरी |
| | सार्वनामिक | आफ्ना |
| | संयोजन | पनि |
| | कालिक | कहिल्यै पछि |
| | कालिक | आज, भोलि जतातत‍ै |
| | सार्वनामिक | हामी |
| | संयोजन | तर |
| | संयोजन | र |
| | निपात | नै |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं ८ र ९ का दुई पटक संयोजकसम्बद्धकको प्रयोग गरिएको छ। त्यस्तै गरी वा. स. ९ र १० का बीच तीन पटक कालिक, पाँच पटक सार्वनामिक, दुई पटक सयोजन र एक पटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ । त्यस्तै प्रकारले १० र ११ वा.सं.मा चार पटक सार्वनामिक र दुई पटक कालिक दुई पटक संयोजक एक पटक निपात प्रयोग गरिएको छ।

यसरी दोस्रो अनुच्छेदमा सबै भन्दा वढी मात्रामा सार्वनामिक कालिक र संयोजनको प्रयोग भएको छ। त्यस्तै गरी अन्य विविध प्रकारका सम्बद्धकहरूको प्रयोगले कथालाई पठ्नयोग्य र सुगठित बनाएको छ ।

***निर्दिष्ट कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण***

१२. रहँदा बस्दाएकदिनयी दुई मित्रलाई ठूलो आपत आइपरेछ ।

१३. के भएछ भने नेत्रलाल सधैं जस्तै घामअस्ताउने बेलामाआफ्नो दिउँसोको काम सिध्याइसकेपछि भुरूर्र उड्दै चुच्चे ढुङ्गो उही टुङ्गो भने झैंआफ्नो रूखमा आइपुगेछ ।

१४. तरकर्णकान्तले भने त्यस दिनढिलो गरेको देखेर नेत्रलाल चिन्तित भएछ ।

१५. चिन्तित हुनु पनि स्वाभाविकै थियो, किनभने कर्णकान्त कहिल्यैपनिघर फर्कन ढिलो गर्दैनथ्यो ।

१६. हो, नेत्रलाल उड्ने जन्तु हुनाले टाढा टाढा घुम्न पुगे पनि वेगसित उडेर समयमै घर फर्कन्थ्यो, तर कर्णकान्त उड्न नसके पनिऊआफ्नो एमानको जिउलाई जताबाट र जसरी भए पनित्यसरूखकाफेदमाघामअस्ताउँदा नअस्ताउँदै ल्याइपुन्याउँथ्यो ।

१७. त्यसदिन भने अचम्मै भएछ ।

१८. घामअस्ताइसकेछरपनि कर्णकान्त फर्केनछ ।

१९. बिस्तारै किराहरूको एकोहोरो किरिरी बढ्दै गएछ , अँध्यारो चारैतिरबाट भ्यावाप्प छोप्दै ल्याएछ र झमक्क साँझपरेछ ।

२०. नेत्रलालको मन आतेसले छट्पटाउँदै गएछ ।

२१.उसको छाती कत्ति थिच्ता पनि बुरूकबुरूक उफ्रन छाडेनछ ।

२२. बाबैनिके भएको नि यस्तो ।

२३. यतिकावर्षसम्मयी दुई मितले एक अर्काका साथमा जीवन बिताएका थिए ।

२४. यस्तो कहिल्यैपनि भएको थिएन ।

२५. कुनै ऊ जस्तै ठुलो जिउको ढोई नैपो उसले भेट्यो कि?त्यसले अभिन्न मित्रलाई उसबाट चटक्क चुँडाएर लगी कि?हरे !

२६. कर्णकान्तले आफ्नो मितलाई विहान भनेरै गएको भएउसको मुटु यसरी ढुकढुक त हुने थिएन ।

२७. उसलाई यस्तो असाध्य वेदनाले खग्रास त पर्ने थिएन ।

*तालिका सङ्खया ३*

*निर्दिष्ट कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| १२ र १३ | कालिक | एक दिन |
| | सार्वनामिक | यी |
| १३ र १४ | संयोजन | भने |
| | कालिक | सधैँ |
| | कालिक | घाम अस्ताउने बेलामा |
| | सार्वनामिक | आफ्नो |
| | कालिक | दिउँसोको काम |
| | निपात | झैँ |
| | सार्वनामिक | आफ्नो |
| | कालिक | रूखमा |
| १४ र १५ | संयोजन | तर |
| | संयोजन | भने |
| | कालिक | दिन |
| | कालिक | ढिलो |
| १५ र १६ | संयोजन | पनि |
| | संयोजन | किनभने |
| | कालिक | कहिल्यै पनि |
| | स्थानिक | घर |
| | कालिक | ढिलो |
| १६ र १७ | कालिक | समयमै |
| | संयोजन | पनि |
| | स्थानिक | घर |
| | संयोजन | तर |
| | संयोजन | पनि |
| | सार्वनामि | ऊ |

| | | |
|---|---|---|
| | सार्वनामि | आफ्नो |
| | संयोजन | र |
| | स्थानिक | रूखका फेदमा |
| | संयोजन | भएपनि |
| | कालिक | घाम अस्ताउँदा नअस्ताउँदै |
| १७ र १८ | कालिक | ीदन |
| १८ र १९ | कालिक | घाम अस्ताइसकेछ |
| | संयोजन | पनि |
| | संयोजन | र |
| १९ र २० | कालिक | अंध्यारो |
| | स्थानिक | चारैतिरबाट |
| | संयोजन | र |
| | कालिक | साँझ |
| २० र २१ | - | - |
| २१ र २२ | सार्वनामिक | उसको |
| | संयोजन | पनि |
| २२ र २३ | विस्मयादि वोधक | बवै नि |
| | प्रश्नावाचक | के |
| | निपात | नि |
| २३ र २४ | कालिक | यतिका वर्षसम्म |
| | सार्वनामिक | यी |
| २४ र २५ | संयोजन | पनि |
| | कालिक | कहिल्यै |
| २५ र २६ | सार्वनामिक | ऊ |
| | संयोजक | नै |
| | निपात | पो |
| | सार्वनामिक | उसले |
| | सार्वनामिक | त्यसले |

| | | |
|---|---|---|
| | प्रश्नवाचक | कि |
| | सार्वनामिक | उसबाट |
| | पुनरावृत्ति | कि |
| | विस्मयादि वोधक | हरे |
| २६ र २७ | सार्वनामिक | आफ्नो |
| | कालिक | बिहान |
| | संयोजन | भए |
| | सार्वनामिक | उसको |
| | निपात | त |
| | सार्वनामिक | उसलाई |
| | निपात | त |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं १२ २ १३ मा एक एक पटक कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। त्यसरी नै वा.सं १३ र १४ मा एक पटक संयोजन चार पटक कालिक एक पटक निपात दुई पटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । त्यसरी नै वा.सं १४ र १५ मा दुई पटक संयोजन र दुई पटक कालिक सम्बद्धकको प्रयोग भएको छ । त्यसै अनुसारले वा.सं. १५ र १६ मा दुई पटक संयोजन दुई पटक कालिक र एकपटक स्थानिक सम्बद्धकको प्रयोग भएको छ। वा. सं. १६ र १७ मा दुई पटक कालिक दुई पटक स्थानिक चार पटक संयोजन दई पटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको । वा.सं. १७ र १८ मा कालिक सम्बद्धकको मात्र प्रयोग भएको छ। त्यसरी नै वा. सं. १८ र १९ मा पनि दुई पटक संयोजनको मात्र प्रयोग भएको छ । वा. सं. १९ र २० मा दुई एक पटक कालिक एक पटक संयोजन र एक पटक स्थानिक सम्बद्धकको प्रयोग भएको छ ।वा.सं २० र २१  मा कुनै पनि सम्बद्धकको प्रयोगभएको छैन। वा. सं. २१ र २२ मा सार्वनामिक र संयोजन सम्बद्धकको प्रयोगएक पटक भएको छ । वा.सं. २२ र २३ मा एक पटक निपातको एक पटक प्रश्नवाचक र एक पटक विस्मयादि वोधक प्रयोग भएको छ । त्यसरी नै वा. सं. २३ र २४ मा एक एक पटक कालिक र सार्वनामिक सम्बद्धको प्रयोग भएको छ ।वा.सं. २४ र २५ मा एउटा मात्र सम्बद्धक संयोजनको प्रयोग र कालिक सम्बद्धकको भएको छ। त्यस्तै गरी वा. सं. २५ र २६ मा चार पटक सार्वनामिक एक पटक संयोजन एक पटक निपातको एक पटक प्रश्नवाचक, एक पटक पुनरावृत्ति र एक पटक विस्मयादि वोधक सर्वनामिको प्रयोग भएको भएकोछ । त्यसै अनुसारले वा. सं. २६ र २७मा

तीन पटक सार्वनामिक एक पटक कालिक एक पटक संयोजन र दुई पटक निपातको प्रयोग भएको छ ।

यसरी तेस्रो अनुच्छेद्मा सार्वनामिक, संयोजन र कालिक बढी मात्रामा प्रयोग भएको छ। त्यसैगरी अन्य विविध प्रकारका सम्बद्धकहरूको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ ।

*निर्दिष्क कथाको चौँथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको र पहिचान*

२८. हेर्दाहेर्दै आकाशभरी ताराहरू ढकमक्क मकैका फूल जस्तै बरबर उदाए ।

२९. तर कर्णकान्तको भने कतै पत्तोफाँट थिएन ।

३०.ऊ यसरी नै बिलायो जसरीदिनबिलाएर गएको थियो ।

उज्यालो बिलाएर गएको थियो रसाँझबिलाएर गएको थियो ।

*तालिका सङ्ख्या ४*

*निर्दिष्ट कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| २८ र २९ | स्थानिक | आकाशभरि |
| २९ र ३० | संयोजन | तर |
| | संयोजन | भने |
| | सार्वनामिक | ऊ |
| | निपात | नै |
| | संयोजन | जसरी |
| | कालिक | दिन |
| | पुनरावृत्ति | थियो |
| | कालिक | उज्यालो |
| | संयोजन | र |
| | पुनरावृत्ति | बिलाएर |
| | कालिक | साँझ |

माथिको तालिका अनुसार वा.सं. २८ र २९ मा एक पटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ। त्यस्तै गरी वा.सं. २९ २ ३० मा चार पटक संयोजन एक पटक सार्वनामिक, एक पटक निणत तीन पटक कालिक र एक पटक पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ।

यसरी चौथो अनुच्छेदमा संयोजन र कालिक सम्बद्धकको बढी मात्रामा प्रयोग भएको छ। त्यसैगरी विविध प्रकारका सम्बद्धकहरूको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ ।

५) माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं.  ३१ र ३२ मा एक पटक पुनरावृत्ति को प्रयोग भएको छ भने र वा.सं. ३२ र ३३ मा एक पटक सार्वनामिक र एक पटक स्थानिक सम्बद्धकको प्रयोग भएको छ । त्यसरी नै ३३ र २४ वा.सं.मा चार पटक संयोजन २ पटक निणत एक पटक कालिक २.तीन पटक सार्वनामिकदुई पटक पुनरावृत्ति र एक पटक विस्मयादिबोधकसम्बद्धकको प्रयोग गरिएको छ।

*निर्दिष्क कथाको पाचौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान*

३१. टहटह जून लाग्दा कम्ती रमाइलो हुँदैनथ्यो ।

३२. त्यो फाँट, ताराहरू त्यसरी सगरै ढाकेर टल्कँदा कम्ती स्वादिलो हुदैनथ्यो, त्योवन ।

३३. तरहरेकर्णकान्त नै नभएपछि नेत्रलालाई अब त्यस जूनको के काम, ती ताराहरूको केमहत्त्व ।

३४. साथी नै नभएपछि नेत्रलालाई त्यसरूखलाई छाडे पनि भयो, कर्णकान्तले उसलाई माया मारे जस्तै उसले पनि त्यस वनलाई माया मारे पनि भयो ।

*तालिका सङ्ख्या ५*

*निर्दिष्ट कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ३१ र ३२ | पुनरावृत्ति | हँदैनथ्यो |
| ३२ र ३३ | सार्वनामिक | त्यो |
| | स्थानिक | ीवन |

| | | |
|---|---|---|
| ३३ र ३४ | संयोजन | तर |
| | विस्मयादिबोधक | हरे |
| | निपात | नै |
| | कालिक | अब |
| | पृनरावृक्ति | के |
| | सार्वनामिक | ती |
| | निपात | नै |
| | संयोजन | पनि |
| | सार्वनामिक | उसलाई |
| | संयोजन | जस्तै |
| | संयोजन | पनि |
| | सार्वनामिक | उसले |
| | पुनरावृत्ति | भयो |
| | स्थानिक | वन |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३१ र ३२ मा एक पटक पुनरावृत्ति को प्रयोग भएको छ भने र वा.सं. ३२ र ३३ मा दुई पटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। त्यसरी नै ३३ र २४ वा.सं.मा तीन पटक संयोजन २ पटक निणत एक पटक कालिक २. दुई पटक सार्वनामिकएक पटक पुनरावृत्ति सम्बद्धकको प्रयोग गरिएको छ।

यसरी पाँचौं अनुच्छेदमा सबै भन्दा वढी सार्वनामिक, संयोजन र पुनरावृत्ति सम्बद्धकको वढी मात्रामा प्रयोग भएको छ। यसै प्रकारले अन्य विविध प्रकारका सम्बद्धकको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ।

***निर्दिष्ट कथाको छैठौँ मनुरहेदमा प्रयुक्त सम्बद्धकको प्रहिचान***

३५. रात छिप्पिँदै गयो, तरकर्णकान्तको सुँइकोसम्म पनि नेत्रलालले पाएन।

३६. हो, ऊ उडेर खोज्न जान सक्थ्यो, तरत्यसैबेला कर्णकन्त लमक र झमक गर्दै त्यहाँ आइपुग्यो भने?उसले पखेटा भ्याटभ्यात गऱ्यो, विरहको उलुलुलु स्वर उराल्यो र नरमाइलोसित आङ् मर्कायो।

३७. अहँ, उसको मित कतै देखा परेन।

*तालिका सङ्ख्या ६*

*निर्दिष्ट कथाको छैठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ३५ र ३६ | कालिक | रात |
| | संयोजन | तर |
| | संयोजन | पनि |
| ३६ र ३७ | सार्वनामिक | ऊ |
| | संयोजन | तर |
| | कालिक | त्यसै वेला |
| | संयोजन | र |
| | स्थानिक | त्यहाँ |
| | सार्वनामिक | उसले |
| | संयोजन | र |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं३५ र ३६ मा दुई पटक संयोजन र एक पटक कालिक सम्बद्धकको प्रयोग भएको छ। त्यस्तै गरि वा.सं. ३६ र ३७ मा दुई पटक सार्वनामिक तीनपटक संयोजन र एक पटक कालिक सम्बद्धकको प्रयोग भएको छ।

यसरी छौठौँ अनुच्छेदमा सबै भन्दाबढी प्रयोग संयोजनको र सार्वनामिक सम्बदकको भएको देखिन्छ भने अन्य विविध प्रकारकासम्बद्धकको प्रयोगले कथालाईपठन योग्य र सुगठित बनाएको छ ।

*निर्दिष्ट कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान*

३८. जुन उसरी नै पर देखिने नदीको पानीमा टलल्ल टल्किरहयो ताराहरू चिसै चम्किरहे र रात सुलुलु चिप्लिरहयो ।

३९. कर्णकान्त हराएको थियो, तर त्यस्तो ठुलो कुराले पनि तिनमा कुनै विरह ल्याउन सकेन ।

४०. एउटा नेत्रलाल मात्रै त्यसै भुटभुटिरहेको थियो ।

*तालिका सङ्ख्या ७*

*निर्दिष्ट कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ३८ र ३९ | संयोजन | नै |
| | स्थानिक | नदीको |
| | संयोजन | र |
| | स्थानिक | पानीमा |
| | कालिक | रात |
| ३९ र ४० | संयोजन | तर |
| | संयोजन | पनि |
| | सार्वनामिक | तिनमा |
| | पुनरावृत्ति | थियो |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ३८ र ३९ मा दुई पटक संयोजन र एक पटक  कालिक र दुई पटक स्थानिक सम्बद्धकको प्रयोग भएको छ। त्यसै अनुसारले वा.सं. ३९ र ४० मा संयोजन दुई पटक एक एक पटक सार्वनामिक, र पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ ।

यसरी सातौँ अनुच्छेद्मा सबै भन्दा बढी मात्रामा प्रयोग भएका सम्बद्धक संयोजन र कालिक, सार्वनामिक हुन। यसै प्रकारले अन्य विविध प्रकारका सम्बद्धकको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएकोछ ।

*निर्दिष्ट कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान*

४१.अब आइहाल्छ कि भन्ने अन्योलमा पिङ खेल्दाखेल्दै नेत्रलालले आधा रात छर्लङ्ग विताएछ ।

४२. उसका आँखा लाग्न मात्र लागेका थिए, कर्णकान्त साहै मन्द गतिमा लोथ्याक र लोऱ्याक गरेर आउदा छेवैमाआइपुगेपछि मात्रउसले देखेछ ।

*तालिका सङ्ख्या ८*

*निर्दिष्ट कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ४१ र ४२ | कालिक | अब |
| | संयोजन | कि |
| | कालिक | आधा रात |
| | सार्वनामिक | उसका |
| | संयोजन | मात्र |
| | स्थानिक | छेवैमा |
| | कालिक | गतिमा |
| | संयोजन | मात्र |
| | सार्वनामिक | उसले |
| | पुनरावृत्ति | मात्र |

माथिको तालिका अनुसार वा.सं. ४१ र ४२ मा कालिक तीन पटक तीन पटक संयोजन दुई पटक सार्वनामिक एक पटक स्थानिक र एक पटक पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको छ ।

यसरी आठौँ अनुच्छेदमा सबै भन्दा बढी मात्रामा संयोजन, कालिक र सार्वनामिक सम्बद्धक प्रयोग भएको देखिन्छ । यसै गरी अन्य विविध प्रकारका सम्बद्धकहरूको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ ।

**निर्दिष्ट कथाको नवौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान**

४३. "के भयो मित कर्णकान्त, आजतपाईँलाई के भयो?" साहै आत्मीयतासाथ हाँगबाटतल झरेर नेत्रलालले सेधेछ ।

*तालिका सङ्ख्या ९*

*निर्दिष्ट कथाको नवौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ४३ | प्रश्नवाचक | के |
| | कालिक | आज |
| | सार्वनामिक | तपाईलाई |
| | के | प्रश्नवाचक |
| | स्थानिक | हाँगाबाट |
| | स्थानिक | तल |
| | सार्वनामिक | के |
| | पुनरावृत्ति | भयो |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ४३ मा एक पटक कालिक, दुई, दुई पटक सार्वनामिक र स्थानिक, एक एक पटक प्रश्नवाचक। पुनरावृत्ति सम्बद्धकको प्रयोग भएको देखिन्छ।

यसरी नवौँ अनच्छेदमा सबै भन्दा बढी मात्रामा स्थानिक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ। अन्य विविध प्रकारका सम्बद्धको प्रयोगले कथालाई पठन योग्य र. सुझ सुगठित बनाएको छ।

*निर्दिष्ट कथाको दशौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान*

४४. " मततपाईसित सदाका लागि बिदा माग्न आएको, मेरापरमप्रिय मित्र नेत्रलाल !

४५. मबाट अन्जानमा वा ख्यालख्यालमा कुनै नराम्रो बोली बचन वा व्यवहार भएको भए मित जानी क्षमा दिनुहोला। भुलचुल भएको भए माफ दिनुहोला।"

४६. मायालु स्वरमा कर्णकान्तले भनेछ।

*तालिका सङ्ख्या १०*

*निर्दिष्ट कथाको दशौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ४४ र ४५ | सार्वनामिक | म |
| | निपात | त |
| | सार्वनामिक | तपाईसित |
| | सार्वनामिक | मेरा |
| ४५ र ४६ | सार्वनामिक | म |
| | संयोजन | वा |
| | संयोजन | वा |
| | पुनरावृत्ति | भए |

माथिको तालिकामा उल्लेख गरिए अनुसार वा.सं. ४४ र ४५ मा तीन पटक सार्वनामिक एक पटक निपात सम्बद्धकको प्रयोग गरिएको छ भने वा.सं. ४५ र ४६मा दुई पटक संयोजन र एक एकपटक सार्वनामिक र पुनरावृत्तिको प्रयोग भएको छ।

यसरी दशौँ अनुच्छेदमा सबै भन्दा बढी मात्रामा सार्वनामिक र संयोजन सम्बद्धकको प्रयोग भएको छ । अन्य विविध प्रकारका सम्बद्धकको प्रयोगले कथालाई पठन योग्य र सुगठित बनाएको छ ।

*निर्दिष्ट कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान*

४७. नेत्रलालको मनमा चसक्क परेछ ।

४८. होइन, कर्णकान्तले साँच्यै कुनै ढोई भेटे जस्तै छ, नत्रऊ किन यतिढिलो फर्कन्थ्यो, किनमसित बिदा माग्थ्यो र किन भुलचुक माफ दिनुहोला भन्थ्यो भन्ने उसलाई परेछ ।

*तालिका सङ्ख्या ११*

*निर्दिष्ट कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण*

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द |
|---|---|---|
| ४७ र ४८ | स्थानिक | मनमा |
| | संयोजक | होइन |
| | संयोजक | नत्र |
| | सार्वनामिक | ऊ |
| | प्रश्नवाचक | किन |
| | कालिक | यति ढिलो |
| | सार्वनामिक | म |
| | संयोजक | र |
| | संयोजक | भन्ने |
| | सार्वनामिक | उसलाई |
| | पुनरावृत्ति | किन |

माथिको तालिकामा उल्लेख भए अनुसार वा.सं. ४७ र ४८ मा चार पटक संयोजन एक तीन पटक सार्वनामिक, एक पटक कालिक र पुनरावृति,एक एक पटक स्थानिक र प्रश्नवाचक सम्बद्धकको प्रयोग गरिएकोछ ।

यसरी एघारौँ अनुच्छेदमा सबैभन्दा वढी मात्रामा संयोजन को प्रयोग भएको देखिन्छ । अन्य विविध प्रकारका सम्बद्धको प्रयोगले कथालाई पठन योग्य र सुगठित बनाएको छ ।

*निर्दिष्ट कथाको बाह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धको पहिचान*

४९. तरकर्णकान्तको अनुहारमा आनन्दको उज्यालो थिएन ।

५०. त्यस्तो चहकिलो रातमापनिऊऔँसीजस्तो वेदनामा चर्लुम्म डुबेको जस्तो देखिन्थ्यो ।

५१. नेत्रलालका खप्पिस आँखाले हात्तीलाई पक्का पनि डर लाग्दै समस्या आइपरेको हुनुपर्छ भन्ने ठम्याए ।

५२. त्यसैले अन्त्यत स्नेहसाथ उसले भन्यो, "तपाईलाई कुनै आपत आइपरे जस्तोम देख्तै छु ।

५३. के भयो ?आज कहाँ जानुभयो ? कसकससित तपाईको भेट भयो ?कसैले बोलीवचन पो लगायो कि?अथवातपाईलाई कुनै रोगले पो भेट्यो कि

